# सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

सर्वोच्च अदालतका पूर्व न्यायाधीश शारदाप्रसाद पण्डितको मिति २०७८ साल कार्तिक १० गते बुधबार विहान ०८:०० बजे भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहत भएका छौं। पूर्व न्यायाधीश पण्डितको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। सर्वोच्च अदालतको न्यायाधीशको रूपमा सेवारत रहँदा उहाँले स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यतालाई स्थापित गर्न एवम् न्याय र कानूनका क्षेत्रको विकासका लागि पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको छ। संविधान र कानूनको क्षेत्रमा दखखल राख्ने निर्भिक, सरल, अत्यन्त मिलनसार, विवेकशील, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ एवम् अनुभवी न्यायिक व्यक्तित्वका रूपमा रहनुभएका स्वर्गीय पण्डित न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

तनहुँ जिल्लामा वि.स. १९९९।०९।०१ गते जन्मनु भएका पूर्व न्यायाधीश शारदाप्रसाद पण्डित मिति २०२७।०२।०९ मा शाखा अधिकृतको रुपमा न्याय सेवामा प्रवेश गरी मिति २०३२।१२।१० मा रा.प. द्वितीय श्रेणीको सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता, मिति २०४१।०९।२४ मा रा.प. प्रथम श्रेणीको क्षेत्रीय न्यायाधिवक्ता, मिति २०४८।०७।२३ मा पुनरावेदन अदालतको न्यायाधीश, मिति २०५२।१२।२३ मा पुनरावेदन अदालतको मुख्य न्यायाधीश र मिति २०६१।०१।०३ मा सर्वोच्च अदालतको अस्थायी न्यायाधीश र २०६१।०४।२० मा स्थायी न्यायाधीशमा नियुक्त भई मिति २०६४।०८।२९ मा उमेरहदका कारण अवकाश भई सेवा निवृत्त हुनुभएको थियो।

स्वर्गीय पण्डितको निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। यस दुःखद् घडीमा सर्वोच्च अदालतको आज मिति २०७८।०७।१० मा बसेको आकस्मिक पूर्ण बैठकले एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै उहाँको आत्माको चीर शान्तिको कामना गरिएको छ।

मिति : २०७८।०७।१०

२०७८।७।१०

देवेन्द्र ढकाल

सह-प्रवक्ता

Z:\Condolence Message\प्रेश विज्ञप्ती.docx